# तीनपाटन गाउँपालिकाको

## स्थानीय राजपत्र

# गर्भवती तथा सुत्केरी महिला उत्प्रेरणा प्रोत्साहन तथा एम्बुलेन्स वा बोलेरो खर्च सम्बन्धी कार्यविधि-२०७९

**भाग-२**

कार्यपालिकाबाट स्वीकृत मिति : २०७९/०९/१०

खण्ड : ६, अंक ४९, सङ्ख्या ३८
राजपत्रमा प्रकाशित मिति : २०७९/१२/०४

प्रमाणीकरण मिति : २०७९/१२/३०

**तीनपाटन गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, लाम्पनटार
सिन्धुली, जिल्ला
बागमती प्रदेश, नेपाल

# गर्भवती तथा सुत्केरी महिला उत्प्रेरणा प्रोत्साहन तथा एम्बुलेन्स वा बोलेरो खर्चसम्बन्धी कार्यविधि, २०७९

**प्रस्तावना**

तीनपाटन गाउँपालिकाको क्षेत्रभित्र मुख्यत: स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका सुत्केरीलाई स्वास्थ्य सेवामा सर्वुलभ पहुँच पुर्याउन तथा सुत्केरी गराउँदा हुने स्वास्थ्य जोखिमलाई न्यूनीकरण गरी सुरक्षित प्रसुती सेवा उपलब्ध गराउन अस्पतालसम्म एम्बुलेन्स सेवा प्रयोग गर्दा लाग्ने खर्च प्रदान गरी सुत्केरीलाई स्वास्थ्य समस्यावाट सुरक्षित राख्न एम्बुलेन्स वा बोलेरोखर्चको व्यवस्था गर्ने कार्यमा गाउँपालिकाको निर्णय बमोजिम यसको व्यवस्थित संचालन तथा व्यवस्थापनका लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले प्रशासकीय कार्यविधी नियमित गर्ने ऐन २०७९ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी गर्भवती तथा सुत्केरी महिला उत्प्रेरणा प्रोत्साहन तथा एम्बुलेन्स वा बोलेरो खर्च सम्बन्धी कार्यविधि, २०७९ स्वीकृत गरी जारी गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(क) यस कार्यविधिको नाम गर्भवती तथा सुत्केरी महिला उत्प्रेरणा प्रोत्साहन तथा एम्बुलेन्स वा बोलेरो खर्चसम्बन्धी कार्यविधि, २०७९ रहेको छ ।

(ख) यस कार्यविधि गाउँकार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "**गाउँपालिका**" भन्नाले तीनपाटन गाउँपालिकालाई सम्झनु पर्छ ।



(ख) "**कार्यविधि**" भन्नाले गर्भवती तथा सुत्केरी महिला उत्प्रेरणा प्रोत्साहन तथा एम्बुलेन्स वा बोलेरो खर्च सम्बन्धी कार्यविधि, २०७९सम्झनु पर्दछ ।

(ग) "**कार्यपालिका**" भन्नाले तीनपाटन गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) "**एम्बुलेन्स वा बोलेरो खर्च**" भन्नाले यस कार्विधि बमोजिम प्रदान गरिने रकमलाईसम्झनु पर्दछ ।

(ङ) "**समन्वय**" समिति भन्नाले यस कार्यविधि बमोजिम प्रदान गरिने एम्बुलेन्स तथा बोलेरो खर्चको सहायताको व्यवस्थापन, अनुगमन, तथा समन्वय गर्नकार्याविधिको दफा ४ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

(च) "**सेवाग्राही**" भन्नाले तीनपाटन गाउँपालिकाको गर्भवती तथा सुत्केरी महिला सम्झनु पर्दछ ।

## परिच्छेद-२
## खर्च प्रदान गर्ने मापदण्ड

३. **मापदण्डः** गाउँपालिकाको गर्भवती तथा सुत्केरी महिलालाई एम्बुलेन्सवा बोलेरोखर्च प्रदान गर्ने मापदण्ड देहाय वमोजिम रहनेछ ।

(क) गाउँपालिका भित्र स्थायी रूपमा बसोबास गर्दै आएको सवै वडाकागर्भवती तथा सुत्केरी महिला,

## परिच्छेद-३
## खर्च सहायता वितरण कार्य समन्वय समिति

४. **समन्वय समिति** : (१) गाउँपालिकावाट प्रदान गरिने सुत्केरी महिलालाई एम्बुलेन्स वा बोलेरो खर्च प्रदान गर्ने कार्य व्यवस्थान, अनुगमन, समन्वय तथा सहकार्यको लागि गाउँपालिका स्तरीय देहायवमोजिमको समन्वय समिति रहनेछ ।

(क) गाउँपालिकाको अध्यक्ष - संयोजक
(ख) गाउँपालिकाको उपाध्यक्ष - सह-संयोजक
(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव
(घ) संयोजक सामामजिक विकास समिति - सदस्य
(ङ) प्रशासन शाखा प्रमुख - सदस्य सचिव

## परिच्छेद-४
## उत्प्रेरणा खर्च वितरण प्रक्रिया

**५. खर्च वितरण प्रक्रिया :**

(१) गर्भवती तथा सुत्केरी महिलालाई एम्बुलेन्स खर्च प्रदान गर्न देहाय वमोजिमको कागजपत्र संलग्न गरी गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

(क) नेपाली नागरिकताको प्रतिलिपि,

(ख) बच्चाको जन्मदर्ताको प्रतिलिपि (बच्चा जीवित रहेमा),

(ग) सुत्केरी गराएको अस्पतालको डाक्टरले डिस्चार्ज भएको प्रमाणित कागजात,

(घ) सम्बन्धित वडा कार्यालयको सिफारिस,

(ङ) एम्बुलेन्सको विल तथा बोलेरो गाडीको हकमा सवारी चालक अनुमति पत्र र ब्लु बुकको प्रतिलिपि तथा रकम लिएको भरपाई,

(च) रकम भुक्तानीको निवेदन

(२) उपदफा (१) वमोजिम कागज संलग्न गरी आउने सेवाग्राहीलाई ठाउँ अनुसार देहाय बमोजिमको एम्बुलेन्स वा बोलेरो खर्च उपलब्ध गराइने छ ।



| क्र.सं. | देखि | सम्म | रकम रु. |
|---|---|---|---|
| १. | लाम्पन्टार | सिन्धुलीमाढी | ७,०००।- |
| २. | लाम्पन्टार | बर्दिवास, महोत्तरी | १०,०००।- |
| ३. | लाम्पन्टार | लालगढ, धनुषा | १०,५००।- |
| ४. | लाम्पन्टार | जनकपुर, धनुषा | १२,०००।- |
| ५. | लाम्पन्टार | लाहान, सिराहा | १३,०००।- |
| ६. | लाम्पन्टार | हेटौँडा, मकवानपुर | १३,०००।- |
| ७. | लाम्पन्टार | विरगन्ज, पर्सा | १५,०००।- |
| ८. | लाम्पन्टार | धुलिखेल, काभ्रे | १५,५००।- |
| ९. | लाम्पन्टार | धरान, सुनसरी | १७,५००।- |
| १०. | लाम्पन्टार | काठमाडौँ | १७,५००।- |
| ११. | लाम्पन्टार | भरतपुर, चितवन | १८,५००।- |
| १२. | लाम्पन्टार | विराटनगर, मोरङ | १९,०००।- |

६. **कार्यविधिको व्याख्या गर्ने वा बाधा अड्काउ फुकाउने अधिकार :** यस कार्यविधिमा कुनै दुविधा हुन गएमा सो को व्याख्या वा बाधा अड्काउ फुकाउने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ ।

७. **संशोधन वा खारेजी र बचाउ :** कार्यपालिकाले यस कार्यविधिलाई संशोधन वा खारेजी गर्न सक्नेछ । यो कार्यविधि प्रचलित नेपाल कानूनसँग बाझिन गएमा बाझिएको हदसम्म अमान्य हुनेछ र प्रचलित नेपाल कानूनमा लेखिएका कुराहरू मान्य हुनेछ ।

८. **कार्यविधि बमोजिम हुने :** चालु आ.व. मा गर्भवति तथा सुत्केरी उत्प्रेरणाका लागि भएका भुक्तानीहरू यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

**आज्ञाले**
जीतेन्द्र गिरी
नि. प्रमुख प्रशासकीय, अधिकृत